## सातौं गाउँसभामा प्रस्तुत निति तथा कार्यक्रम २०७७।०७८

उपस्थित गाउँपालिकाका उपाध्यक्षज्यू, गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाका कर्मचारीहरु, पत्रकारज्यूहरु एवं  उपस्थित सम्पूर्ण महानुभावहरु,

१. आज यस गाउँपालिकाको गरिमामय पाँचौ गाउँसभामा उपस्थित सम्पूर्ण सदस्य तथा कर्मचारीहरुमा हार्दिक स्वागत गर्न चाहन्छु ।

२. नेपालको इतिहासको हरेक काल खण्डमा देश र जनताको निम्ती आफ्नो ज्यान अर्पण गर्नुहुने महान सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै ऐतिहासिक जनआन्दोलका घाईते हुनु भएका, अपाङ्ग भएका योद्धा, टुहुरा बालवालिका, बेपत्ता भएका परिवारहरु प्रति पुनःस्मरण गर्दै उहाँहरुको सपना साकार पार्न सदैव मन, वचन र कर्मका साथ मानविय सेवा र सामाजिक सेवामा प्रतिवद्ध रहदै उहाँहरु प्रति मेरो र सिङ्गो गाउँपालिकाको तर्फबाट नमन गर्न चाहन्छु ।

३. लोकतन्त्रको आधारस्तम्भको रुपमा एवं जनताले महसुस गर्न सक्ने र जनताले सजिलै भेट्न सक्ने सरकारको रुपमा रहेको स्थानीय सरकारसंग जनताको विकास प्रतिको उच्च आकांक्षालाई न्यायोचित ढंगले सम्वोधन गर्नु हाम्रो कर्तव्य हो ।यस विचमा स्थानीय सरकारको स्वरुपलाई  संविधान प्रदत्त व्यापक क्षेत्राधिकार भएको वलियो स्थानीय सरकारको रुपमा रुपान्तरण गर्ने प्रक्रियालाई सँगसंगै र सावधानीपूर्वक अघि बढाउनु परेको छ । यस्तो जटिल र चुनौतिपूर्ण मोडमा लोकतन्त्रको संस्थागत विकास गर्न सदा सजग र संवेदनशील रहि हाम्रो सरकार काम गर्दैछ,नतिजा ल्याउँदैछ र अघि बढ्दैछ ।

४. नेपालको संविधान, २०७२ ले प्रत्यभूत गरेको लोकतान्त्रीक गणतन्त्रात्मक शासन पद्धती अनुरुप स्थानीय तह पुनः संरचना सँगै निर्वाचन पश्चात आज हामी तेश्रो बर्षमा प्रवेश गरेसँगै जनताका असिमित इच्छा, चाहना र आकांक्षाको प्रतिनिधित्व गर्दै गर्दा अर्जुनचौपारी गाउँपालिकालाई Smart Village को परिकल्पना गर्नु चुनौतिपूर्ण छ । हाम्रो यस गाउँपालिका पर्यटकीय रुपमा प्रचुर सम्भावना रहेको र जलबराह, गुप्तेश्वर, तामुलेक, एकानन्द गुफाँ, बयाले, डहरेदेउराली, थाप्ले जस्ता पर्यटकीय स्थलहरुमा बाह्य तथा आन्तरिक पर्यटकको मनमोह हुने खाल्का छन् । तामुलेक, थाप्ले पर्यटकीय क्षेत्र र अरु धार्मिक एवं पर्यटकीय रुपमा रहेको हुँदा यिनिहरुको संरक्षण सम्वद्र्धन गरी पर्यटक भित्रयाउन भौतिक पूर्वाधारको उतिकै आवश्यक छ । अर्को तर्फ युवाहरुलाई स्वदेशमै रहन सक्ने वातावरण सृजना गर्नु, युवाहरुको चाहना र अर्जुनचौपारी गाउँपालिकाको अभियानलाई मूर्तरुप दिन कृषि कै रचनात्मक कार्यक्रमबाट मात्र सम्भावना देखिन्छ । युवाहरुको आर्थिक विकासका लागि कृषि र पशुपालनमा आधुनिकिकरण गरी सीप विकास तालिम, व्यवसायमा बिमा, बजारीकरणको व्यवस्था सहकारीको माध्यमबाट मिलाउन जरुरी छ । दिगो आर्थिक विकासका लागि हाम्रो भूगोल अनुसार कृषि, पशुपालन र पर्यटन रहेका छन । राष्ट्रको आर्थिक विकासको चौथो खम्बा मानिएको सहकारी अव समय सापेक्ष बचत र ऋणमा मात्र सिमित नरही सामाजिक र आर्थिक विकासका लागि कृषि कार्यक्रम सञ्चालन गर्नु अहिलेको समय सन्दर्भ रहेको छ । पर्यटनको प्रचुर सम्भावना रहेको यस गाउँपालिकामा थप होमस्टे सञ्चालन गरी आर्थिक प्रगति गर्न सहयोग पुग्ने कुरा यहाहरुमाझ राख्दै अव हामी बोल्ने मात्र होइन काम गरेर देखाउने बाचाका साथ अघि बढने प्रतिवद्धता व्यक्त गर्दछु । विकास निरन्तर चलिरहने प्रकृया हो । विकासका लागि हामीमा एउटै सोच, एउटै भावना, एउटै विचार राखौं, राजनिति भन्दा माथी उठौं यही पाँचौ गरिमामय गाउँसभामा सुन्दर गाउँपालिका, हरित गाउँपालिका, विकसित गाउँपालिका बनाउने प्रतिवद्धता गरौं भन्ने आह्वान गर्दछु ।

नेपालको संविधानले परिकल्पना गरेको तीन तहको सरकार, त्यसका अधिकार क्षेत्र र संघ,प्रदेश र स्थानीय सरकारविचको सहकार्य,समन्वय र सहअस्तित्व समेतको मर्म अनुसार नेपाल सरकार र प्रदेश सरकारले प्रस्तुत गरेको दिगो विकासको लक्ष्य सहितको नीति तथा कार्यक्रम, हाम्रो स्थानीय सरकार संचालनको दुई वर्षको अनुभव, गाउँसभा र गाउँकार्यपालिका मार्फत पारित ऐन नियम तथा कार्यविधि, स्थानीय राजनैतिक दलका प्रतिनिधीहरु, स्थानीय योजना आयोगका पदाधिकारीहरु र विषयगत क्षेत्रका विज्ञहरुको सुझावका आधारमा आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम तय गरिएको छ ।

गाउँसभाका सदस्यज्यूहरु,

५. स्थानीय सरकार जनभावना,जनआकांक्षा र आवश्यकताका आधारमा स्थानीय नागरिकको जीवनस्तरमा गुणात्मक विकास गर्नसंकल्पका साथ अगाडि बढिरहेको छ । भौतिक संरचना पर्याप्त नहुनु,कर्मचारी र अन्य स्रोतसाधनको कमी हुनु तथा संघ,प्रदेश र स्थानीय तहवीच आयोजनाको वर्गीकरण समयमा नहुनु जस्ता अनेकन प्रतिकूलताका बाबजुद स्थानीय सरकारले हासिल गरेका केही महत्वपूर्ण उपलव्धिहरु यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहान्छु ।

६. नेपालको सन्दर्भमा स्थानीय सरकार नवीनतम अभ्यास भएकोले स्थानीय सरकारको सुशासन,विकास र समृद्धिको लागि स्थानीय सरकार सञ्चालनका क्रममा स्थानीय तहलाई प्राप्त अधिकार क्षेत्रभित्रका विषयमा १७ वटा महत्वपूर्ण ऐन,नियम,निर्देशिका,कार्यविधि र मापदण्ड जारी भई कार्यान्वयनमा आएका छन् । यसबाट स्थानीय सरकारलाई संविधान एवं कानुन वमोजिम प्रदत्त विधायिकी अधिकारको संस्थागत हुंदै गएको र गाउँपालिकामा कानुनी र कार्यविधिगत आधार तयार भई काम कारवाहीमा थप सहजता आएको छ ।

७. स्थानीय तहमा न्यायिक अभ्यासलाई संस्थागत गर्न नेपालको संविधान र कानुन वमोजिम न्यायिक समिति गठन भई न्यायिक समिति समक्ष दर्ता भएका विवादहरुको आपसी छलफल र मेलमिलापको माध्यमबाट समाधान गरिएको छ । स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ४७ ले व्यवस्था गरेको न्यायिक समितिको अधिकार क्षेत्रको मेलमिलापको माध्यमबाट विवाद समाधान गर्न प्रत्येक वडामा सूचिकृत मेलमिलापकर्ताबाट कामकारवाही अगाडि बढेको छ ।

८. यस गाउँपालिकाको प्रमुख सडकको रुपमा रहेको सिद्धार्थ राजमार्ग सँग जोडिएको प्रवेश विन्दु हेलु देखि अर्जुनचौपारी गाउँपालिकाको सदरमुकाम जोडने मूल सडकलाई स्तरोन्नतीका लागि संघ सरकार सँगको साझेदारीमा काम थालनी भएको छ । त्यस्तै प्रदेश सरकार सँग साझेदारीमा अर्जुनचौपारी-राम्चे-बयाले सडक, अर्जुनचौपारी-सिरिन्डाँडा-ओख्ले जाने ग्रामीण सडक, सिरिन्डाँडा-ओख्ले हुँदै काउरे सडकहरुको स्तरोन्नती गर्ने काम भईरहेको अवस्था यहाँहरुलाई अवगतनै छ । अर्जुनचौपारी–दरौं सडक मर्मत सुधारको लागि सडक बोर्ड सँगको साझेदारीमा कार्य चालु अवस्थामा छ । त्यसैगरी हेलु-अर्जुनचौपारी ग्रमीण सडक अन्तर्गत सहंले जिरो देखि आगेखोला सडक खण्डको स्तरोन्नती गर्ने काम अन्तिम चरणमा पुगेको छ ।

९. स्थानीय पूर्वाधार विकास कार्यक्रम अन्तर्गतका अधिकांश योजनाहरु सम्पन्न भएका छन भने बाँकी योजनाहरु अन्तिम चरणमा पुगेको छन ।

१०. अर्जुनचौपारी गाउँपालिकाको सदरमुकाम व्यवस्थापन योजनाको काम सोचे अनुरुप समयमा नै सम्पन्न हुने गरी काम भईरहेको छ । वडा नं. ३ को कार्यालय भवन निर्माणको लागि ठेक्का सम्झौता भएको छ

।गाउँपालिकाले सहभागितामूलक योजना तर्जुमा प्रकृयामार्फत चालु आर्थिक वर्ष ०७५/०७६ को वडास्तरको योजनाहरु अन्तिम चरणमा पुगेका छन् ।

११. स्थानीय तहले आफ्नो क्षेत्रभित्र सार्वजनिक जग्गाको संरक्षण र उपयोग गर्ने हेतुले यस गाँउपालिकाले सहँले बगर फाँटमा रहेको सार्वजनिक जग्गाको रेखाङ्कन र लगत संकलन गर्ने काम सम्पन्न गरेको छ ।

१२. गाउँपालिका भित्रको ऐतिहासिक तथा धार्मीक महत्व,पुरातात्विक वस्तु, कला, संस्कृतिको संरक्षण तथा पर्यटनको प्रवर्धन गर्न पर्यटन समिति मार्फत र प्रदेश सरकारसँगको साझेदारीमा सबै पर्यटकीय क्षेत्रमा पदमार्ग निर्माणको काम थालनी भएको छ ।अर्जुनचौपारी गाँउपालिका वडा नं २ लामडाँडामा होमस्टे सञ्चालनमा आएको छ ।

१३. ढुंगा, गिट्टी, बालुवा, माटोआदि प्राकृतिक एवं नदीजन्य वस्तुको विक्री तथा निकासी शुल्क दस्तुर संकलन गर्न गाउँपालिका क्षेत्रभित्रको दरौखोला वगरको प्रारम्भिक वातावरणीय परीक्षण गरी सो सम्वन्धि आय ठेक्का समेत सम्झौता गरी स्थानीय कर संकलन भएको छ ।त्यस्तै सम्पति करको दायरा बढाउनको लागि घर अभिलेखीकरण गर्ने काम भईरहेको छ ।

१४. स्थानीय स्तरको शैक्षिक ज्ञान,सीप र प्रविधिको संरक्षण,प्रवर्दन र स्तरीकरण गर्न गाउँ शिक्षा समितिको गठन गरिएको छ । विद्धालयको शैक्षिक गुणस्तर सुधार गर्ने कार्यक्रमहरु सम्पन्न हुदैछन् । विधार्थीहरुको खेलकूदको प्रतिभा प्रस्फुटन तथा प्रतिस्पर्धा गराउनको लागि अन्तर विधालय स्तरीय राष्ट्रपति रनिङ्शिल्ड प्रतियोगिता र वडा स्तरीय तथा विधालयस्तरीय अध्यक्ष कप भलिबल प्रतियोगिता सम्पन्न भएको छ । त्यस्तै पन्चकन्या मा.वि.मा चालु शैक्षिक सत्रदेखि बाली विज्ञान विषयको प्राविधिक शिक्षा सुरुवात हुने गरी अनुमति प्राप्त भएको छ ।

१५. गाँउपालिकाको ३ वटा वडाहरुमा पाठेघरको आङ्ग खस्ने एच.आई जाँच गर्ने शिविरहरु सञ्चालन गरि करिब ३०० जना महिलाहरुले सेवा प्राप्त गरेका छन् । साथै स्वास्थ्य क्षेत्रका शसर्त तर्फका अधिकांश कार्यक्रमहरु सम्पन्न गर्न सफल भएका छौं । सस्तो र सुलभ दरमा विरामी मानिसहरुलाई अस्पतालमा पुयाउन एम्बुलेन्स सेवा सञ्चालनमा ल्याईएको छ । आर्युवेद कार्यक्रम, कृषि तथा पशुपन्छी तर्फका संघीय सरकारबाट हस्तान्तरित शसर्त कार्यक्रमहरु पनि कार्यान्वयन गर्न सफल भएका छौं । जलवायु अनुकुलन कार्यक्रमको कार्यान्वयन पनि वडा नं ३ को आग्रीखर्कमा भैरहेको छ ।

१६. त्यस्तै संस्थागत सुशासन र सेवा प्रवाह प्रभावकारी बनाउन गाँउकार्यपालिकाको कार्यालय,मातहत ६ वडा कार्यालय र ४ वटा स्वास्थ्य चौकीहरुमा विघुतीय हाजिरी जडान गरिएको छ । त्यस्तै गाँउकार्यपालिकाको कार्यालयमा सहयोगी कक्ष स्थापना गरिएको छ साथै श्रब्यदृस्य सहितको नागरिक वडापत्रको सुरुवात गरिदैछ ।

१७. छरिएर रहेको बस्तीले गर्दा विकासको लागत बढ्ने र सेवा प्रवाहमा पनि असहज हुने परिस्थितिलाई मध्यनजर गर्दै नमुना एकीकृत वस्ती विकासको लागि मजुवाफाँट एकीकृत वस्ती विकास गर्ने हेतुले डि.पि.आर. तयारी गर्ने काम चालु अवस्थामा छ ।

१८. कृषकहरुलाई ५० प्रतिशत अनुदानमा विविध कृषिजन्य सामाग्री र कृषि यन्त्र वितरण गरी कृषिमा आधुनिकीकरण गर्न खोजिएको छ । कृषकहरुलाई व्यावसायीकरण र क्षमता अभिवृद्धि गर्नको लागि प्रदेश

सरकारसँग समन्वय गरी कृषि तथा पशुपन्छी तालिममा सहभागी गराईएको छ ।हाम्रो गाँउपालिकाको कृषि तथा पशुपन्छीको अवस्था चित्रण गर्ने कृषि प्रोफाईल तयार बनाईएको छ ।

१९. सवै वडा वाटै ज्येष्ठ नागरिक तथा अपाङग परिचयपत्र वितरण गरिसकिएको छ । महिला क्षमता तथा सशक्तिकरण कार्यक्रम लगायत लक्षित वर्ग संग सम्वन्धित सशर्तका अधिकांश कार्यक्रम समेत सवै वडामा संचालन गरी सम्पन्न भै सकेको छ ।

२०. कर्मचारी समायोजन पश्चात स्थानीय तहहरुमा कर्मचारीहरुको अनाकर्षण भएको अवस्थामा समेत मौजुदा कर्मचारीहरुको उच्च कार्यसम्पादन एवं लगनशिलताका कारण सेवा प्रवाहमा चुस्तता आएको छ ।स्थानीय सरकारका प्रतिफलहरुलाई नागरिक समक्ष पुर्याउन कर्मचारी वर्गबाट भएको सकारात्मक भूमिकाको सदा सर्वदा स्मरण गरिनेछ ।

२१. यस वर्षका हाम्रा उपलव्धिहरु उत्साहवर्धक छन् । हामीले लिएका नीतिहरुको कार्यान्वयनबाट स्थानीय नेतृत्वको विकास र स्थानीय शासन पद्धति सुदृढ  हुने प्रशस्त आधारहरु तयार भएका छन् ।हरेक दिन एक कदम अगाडि बढ्ने हाम्रो सरकारको दृष्टिकोण र शैलीका  कारण सम्पूर्ण अर्जुनचौपारीवासी नागरिकमा उत्साहको सञ्चार भएको छ ।

गाउँसभाका सदस्यज्यूहरु,

अव म गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ का लागि प्रस्तावित नीति तथा कार्यक्रम तर्फ यहाँहरुको ध्यानाकर्षण गर्दछु ।

२२. यस प्रस्तावित नीति तथा कार्यक्रमले मानवीय क्षमता विकास,पूर्वाधार निर्माण, उधमशीलता र रोजगारी वृद्धि, स्थानीय नेतृत्व विकास, दिगो विकास, प्रभावकारी सेवा प्रवाह र कानूनी शासनको प्रत्याभूतिलाई प्राथमिकतामा राख्दै समृद्ध नेपाल,सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने तर्फ केन्द्रित छन् ।

२३. विगतबाट पाठ सिक्दै आगामी आर्थिक वर्षमा टुक्रे योजना तथा कार्यक्रम पूर्णत निरुत्साहित गर्दै एक वार्ड एक गौरवको योजना संचालन गरिनेछ ।असारे विकासलाई आगामी वर्ष अन्त्य गर्न योजना सम्झौताका कार्यलाई श्रावण महिनाबाट शुरु गरिनेछ । साथै गौरवका योजना र मेशिनरी उपकरणको आवश्यकता पर्ने योजनालाई यथासम्भव ठेक्का प्रकृयामार्फत गरिनेछ ।

२४. गाँउपालिकाको समग्र राजनितिक,सामाजिक,आर्थिक,पर्यवरणीय पक्ष समेट्ने गरी हाम्रो बाँकी ३ वर्षको कार्यकालका लागि गाँउपालिकाको प्रथम त्रिवर्षीय आवधिक योजना आगामी वर्षमा निर्माण गरिनेछ ।

२५. गाउँपालिका भित्र विगतदेखि सञ्चालित क्रमागत योजनाहरुलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ ।

गाउँसभाका सदस्यज्यूहरु,

पुर्वाधार विकास

**सडक**

२६. यातायात पुर्वाधार गुरु योजना अनुसार बर्गीकृत भएका जिल्लाका मुख्य सडकको रुपमा मान्यता प्राप्त हेलु अर्जुनचौपारी सडकको कालोपत्र गर्नका लागि संघ सरकार र प्रदेश सरकार सँग समन्वय गरेर कार्यान्वयन

गरिनेछ । गाउँपालिकाको सवै वडा केन्द्रहरुलाइ गाउँपालिका केन्द्र संग आवद्ध हुने गरि सडक निर्माणको कार्यलाइ  प्राथमिकता दिईनेछ जस्मा अर्जुनचौपारी गाउँपालिकाको सदरमुकाम देखि वडा नं. ३, ४, र ५ को ग्रामीण सडक, वडा नं. २ जोड्ने ग्रामीण सडक र वडा नं. ६ जोड्ने ग्रामीण सडकको स्तरोन्नती गरिनेछ ।ती सडकहरु  बाह्रै महिना चल्न सक्ने गरी अल वेदर बनाईनेछ । त्यसै गरी प्रदेशसरकार सँग समन्वय गरी अर्जुनचौपारी-सल्यान-आग्रीखर्क सडकको स्तरोन्नती गरिनेछ ।

२७. अतिक्रमणमा परेका सडक सिमाहरु तत्काल हटाउन Right of Way कायम गरि निर्मित घर टहरा हटाउने कारबाही अगाडी बढाइनेछ,सडक छेउछाउ ढुङ्गा निकाल्ने माटो खन्ने तथा रुख बोट बिरुवा कटानी गर्ने कार्य बन्द गरिने छ । मुख्य सडकहरुको भागमा परेका जमिनलाई लगतकट्टा गरी बाटो कायम गरिनेछ।

२८. सडक देखासिखी होइन आवश्यकता हो सडकले समस्या उठान होइन समस्या समाधान गर्दछ भन्ने मान्यता अनुरुप अनावश्यक र कम प्रभावकारी बढी भुक्षय हुने खालका सडक खन्न निरुत्साहित गरिने विगतको नीतिलाई निरन्तरता दिईनेछ ।

२९. सडक दुर्घटनामा कमी ल्याउन र सवारी साधनमा नियमितता ल्याउन अर्जुन चौपारी बृहद् चक्रपथ र वडा सडकमा ट्राफिक सकेतहरु आवश्यक स्थानहरुमा राख्ने र क्षमता भन्दा बढी यात्रु राखी सवारी चलाउने तथा मादक पदार्थको प्रयोग बाट हुने दुर्घटनामा कमि ल्याउन सुरक्षा संयन्त्रको समनवयमा आबस्यक कारबाही गर्ने निती अवलम्बन गरिने छ ।

३०. अर्जुनचौपारी गाउँपालिकाको सदरमुकाम देखि सवै वडालाई छुने गरी अर्जुनचौपारी चक्रपथ निर्माण अन्तर्गत लामडाँडा–टाउँघडेरी जोड्ने सडकलाई आगामी बर्ष पनि प्राथमिकता दिईनेछ । त्यसैगरी अर्जुनचौपारी–राम्चे–तालपोखरी सडक, अर्जुनचौपारी–तमाखुबारी, अर्जुनचौपारी–नुवारभञ्ज्याङ्ग सडकलाई पनि प्राथमिकता दिईनेछ ।

**भवन निर्माण**

३१. गाउँपालिकाको प्रशासकीय भवनको निर्माणको लागि संघ र प्रदेश सरकार सँग साझेदारी गरी आगामी आ.व.मा भवन निर्माणको काम शुरुवात गरिनेछ । त्यस्तै गरी गाउँपालिकाको वडा नं. २ कार्यालय भवन पनि आगामी आ.व.मा स्वीकृत मापदण्ड बमोजिम निर्माण सम्पन्न गरिने छ ।

३२. गाउँपालिकाबाट नक्सापास नगरी भौतिक संरचना तथा घर निर्माण गर्ने र स्वीकृत मापदण्ड विपरित निर्माण कार्य गरिएका संरचनालाई विशेष व्यवस्थासहित कानुनी दायरामा ल्याइ त्यस्ता कार्य गर्नेलाई निरुत्साहित गरिनेछ ।गाउँपालिकाले तोकेको सडकको अधिकार क्षेत्रभित्र बनेका संरचना जुनसुकै वखत हटाईनेछ ।

**खानेपानी तथा सरसफाइ**

३३. खानेपानी आयोजनाहरुमा अपनत्व बोध गराउन खानेपानी आयोजनाहरुमा अनिबार्य मर्मत संभार कोष स्थापना गरिने छ र जसका लागि अनिबार्य पानी महशुल को सुरुवात गरिने छ ।

३४. स्वच्छ पिउने पानी लाई उच्च प्रथामिकता राखी भएका स्रोतहरुको अधिकतम प्रयोग र समानुपातिक बितरणमा जोड दिई श्रोतको अनुपातमा धाराको अवधारणा लागु गरिनेछ । यसरी प्राकृतिक मुलहरुबाट समेत खानेपानी समस्याको समाधान हुन नसक्ने बस्तिहरुका लागि लिफ्टिङ्गका माध्यम बाट खानेपानीको व्यवस्था गर्ने अवधारणा लागू गरिनेछ ।

**आवास तथा पुर्ननिर्माण एकिकृत वस्ति विकास**

३५. गाउँपालिकामा भुमिहिन घरबार बिहिनहरुका लागि ब्यबस्थित बसोबासको ब्यबस्था मिलाउन जनता आवास कार्यक्रम, ब्यबस्थीत बसोबास कार्यक्रमहरु संघ र प्रदेश सरकार सँगको समन्वयमा बसोबासका कार्यक्रमहरु अगाडी बढाइने छ ।

३६. भूकम्प पिडितहरुको लागि मापदण्ड बमोजिम निर्माणाधिन घरहरुको समयमा किस्ता माग गरी भुक्तानी दिने, प्राविधिक आउनु भन्दा अगाडी निर्माण गरिएका घरहरुको बारेमा प्राधिकरण सँग समन्वय गरी रकम उपलव्ध गराउन पहल गरिनेछ ।

३७. मजुवा फाँट मजुवा बगर एकिकृत बस्ती विकास कार्यक्रमलाई कार्यान्वयन गर्न संघ र प्रदेश सरकार सँग अनुरोध गरि अगाडी बढाईनेछ ।

**उर्जा**

३८. यस गाँउपालिकालाई उज्यालो गाऊँपालिका वनाउनका लागी बिद्युत सेवा नपुगेका बस्तीलाई प्राथमिकताकासाथ अगाडी बढाइ विजुली वत्ति विस्तार गरिनेछ । गाउँपालिका भित्रका बिजुलीको काठका पोललाई विस्थापीत गरी स्टिलको पोल राखिनेछ ।

३९. गाउँपालिकाका अधिकांश वस्तीहरुमा थ्रिफेज लाईन बिस्तार गरी बिद्यूत सेवाका माध्यमवाट स्थानिय उद्यमको समेत प्रवद्र्धन हुने छ ।

**आर्थिक विकास**

**उद्योग**

४०. केन्द्रबाट हस्तान्तरण हुने रकमबाट मात्र यस पालिकाको सम्पूर्ण विकास निर्माणका कार्य सम्पन्न गर्न असम्भव भएकोले संविधानको अनुसूचि ८ को अधिनमा रहि स्थानीय तहमा संचालित ठूला तथा साना उद्योग तथा व्यसायलाई कानूनी दायरामा ल्याउन न्यून करको माध्यमबाट करको दायरा फराकिलो वनाई आन्तरिक आय संकलन गरिने छ ।

४१. प्रदेश सरकार सँग साझेदारी गरी सहँले बगर फाँट सार्वजनिक जग्गामा प्रचलित कानून बमोजिम औधोगिकग्राम स्थापना गरिने छ ।

४२. उद्योग वाणिज्य तथा व्यवसाय प्रशासन सँग सरोकार हुने पक्षहरुको क्षमता अभिवृद्धि तथा सशक्तिकरण गरी साना तथा मझौला उद्योगहरुको विकास तथा विस्तार गरिनेछ ।

**कृषि**

४३. गाउँपालिका भित्रका खेतीयोग्य जमिन तथा वाँझो जमिनको उपयोग गर्न व्यवसायीक करार खेतीको अवलम्वन गरी कृषि उत्पादन बढाईनेछ । वास्तविक कृषकको पहिचान गर्न प्रदेश सरकार सँग समन्वय गरी कृषकको बर्गिकरण गरिनेछ । सोही आधारमा कृषकलाई सहुलियत दरमा कृषि सामाग्री, कृषि यन्त्र उपकरण, उन्नतजातको विउ र कृषि प्रसार सेवा उपलव्ध गराउने नीति अवलम्वन गरिनेछ ।

४४. कृषि उत्पादकत्व र उत्पादन बढाउन भूमीको चक्लावन्दि गरेर खेति गर्ने प्रणाली लाई प्रोत्साहन गरिनेछ ।

४५. कृषकले उत्पादन गरेको कृषि उपजहरुको बजारीकरण र मूल्य अभिवृद्धि गर्न प्रदेश सरकार सँग साझेदारी गरी गाउँपालिकाको सदरमुकाममा कृषि बजार केन्द्र र कोल्ड रुम स्थापना गर्ने काम हुनेछ । साथै हरेक वडामा कृषि उपज संकलन केन्द्र निर्माण गरिनेछ ।

४६. कृषि क्षेत्रलाई व्यवसायिकरण र आधुनिकिकरण गर्न कृषक बर्गिकरणको आधारमा कृषकको क्षमता अभिवृद्धि तथा सशक्तिकरण गर्ने नीति लागू गरिनेछ ।

४७. सिंचाई अभाव भएका बस्तिहरुमा मौसम अनुसारका फलफुल बिरुवा रोपण र उन्नत जातका केरा रोपणलाई प्राथमिकता दिईनेछ ।

४८. माटो परीक्षण शिविर संचालन गरी माटोको गुणस्तर पहिचान गरी एक घर एक करेशाबारी घरघरमा अर्गानिक तरकारी नीति अबलम्बन गरिने छ ।

४९. कृषिको यान्त्रीकरणलाई प्रोत्साहन दिन सामूहिक र सहकारी कृषि प्रणालीको विकास गरिने छ । मल, बीउ, सिंचाइ, प्रविधि र कृषि उपजको बजारको सुनिश्चितता कायम गरिने छ । कृषि सहकारीको प्रवर्धन गरी साना किसानहरुको आर्थिक सामाजिक विकासमा टेवा पुग्ने नीति अबलम्बन गरिने छ ।

५०. रासायनिक मल विषादिका कारण मानव स्वास्थ्यमा परेको प्रतिकुल असरलाई न्युनिकरण गर्न कम्पोष्ट मल निर्माण गरी अर्गानिक तरकारी खेतीको प्रवद्र्धन र विकासमा टेवा पुग्ने गरि यसै वर्ष देखि सहकारीको माध्यमबाट आर्गनिक खेती संचालन गरिनेछ । साथै होमस्टे संचालन भएको ठाउँमा अर्गानिक खेतीको संरक्षण र सम्वर्द्धन गरिनेछ ।

५१. साना सिंचाई, मझौला सिंचाई र बृहत सिंचाई योजनाको पहिचान र अभिलेखीकरण गरी नियमित सञ्चालनमा ल्याउन बिशेष योजना लागू गरिनेछ ।

५२. एक गाउँ एक उत्पादन लाई मुर्त रुप दिन पकेट क्षेत्र पहिचान गर्दै फलफूल कृषि तथा तरकारी खेतीमा व्यवसायिकरण गरिने छ । प्रधानमन्त्री सुन्तला जोन, कफी जोन जस्ता कार्यक्रमलाई स्थानीय तहसँग समन्वय गरेर कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।

५३. कृषिमा आधुनिकिकरण गर्न र कृषि पेशालाई जीवन निर्वाहको माध्यमका रुपमा विकास गर्ने सम्भावित स्थानहरुमा बर्षे आलु उत्पादनमा जोड दिईनेछ ।

५४. उपयुक्त स्थानहरुमा पुष्प नर्सरी व्यवस्थापन र व्यवसायका लागि प्राथमिकता दिईनेछ ।

५५. भूमिको सहि सदुपयोग र उत्पादकत्व बढाउन भूमिको बर्गिकरण गरी सोही अनुसारको भूउपयोग नीति लागू गरिनेछ ।

५६. गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र संचालन हुने सहकारी संस्थाको दर्ता,अनुमति,नियमन र व्यवस्थापनलाई प्रभावकारी बनाउदै स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि गरी सहकारी संस्थाको प्रवर्द्धन,परिचालन र विकास गरिनेछ । उत्पादनका आधारमा कृषकहरुलाई कृषि ऋण उपलब्ध गराउन सहकारीसँग सहकार्य गरिनेछ ।

**पशुपालन**

५७. उन्नत जातका गाई, भैंसी, बाख्रा लगायतका पशुपंक्षीहरुको उत्पादन तथा वितरण प्रवर्द्धन गर्न कार्यक्रम संचालन गरिनेछ । कृषि तथा पशु बीमा सेवा कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ ।

५८. पशुको सन्तुलित आहारको व्यवस्थापनमा जोड दिदै दुध तथा मासुजन्य उत्पादनमा उल्लेख्य बृद्धि गर्न खेतवारीका डीलकान्ला तथा खेर गईरहेको खाली जग्गा र सार्वजनिक जग्गाहरुमा समेत बाह्रै महिना पुग्ने गरि डाले तथा भुईघाँस लगाउने अभियान सुचारु गरिनेछ । साथै बाख्रापालनको पकेट क्षेत्र बनाउन सरोकारवाला निकायहरु सँग समन्वय गरी अगाडी बढाईनेछ ।

५९. कुखुरापालन, माछापालन, भैसीपालन, बाख्रापालन,बंगुरपालनतर्फ कृषकको क्षमता अभिवृद्धि गर्न तालिम प्रदान गरिनेछ ।

६०. स्थानीय जातका पशुपन्क्षिको संरक्षण तथा सम्वद्र्धन गर्ने नीति अवलम्वन गरिनेछ ।

**पर्यटन**

६१. प्राकृतिक रुपले रमणीय स्थानमा रहेको अर्जुनचौपारी गाउँपालिका ऐतिहासिक, धार्मिक, सास्कृतिक धरोहरहरुको रुपमा रहेका यस क्षेत्रका पौराणिक मठ मन्दिर देवलहरुको संरक्षणमा जोड दिइनेछ ।

६२. अर्जुनचौपारी जिरोकिलो हुँदै लामडाँडा, तामुलेख, एकानन्द गुफा, बयाले, डहरेदेउराली,थाप्लेलेक सम्म पदमार्ग निर्माणको कामलाई निरन्तरता दिईनेछ ।

६३. प्रसिद्ध डहरे देउराली, थाप्ले लेक, तामुलेक, एकानन्द गुफा शिला लगायतका क्षेत्रहरुलाई पर्यटकीय क्षेत्र घोषणा गरी पर्यटकमैत्री संरचना निर्माण गरिनेछ । त्यस्तै रापाकोट कालिका मन्दिर, गुप्तेश्वर गुफा मन्दिर, पञ्चकन्या मन्दिर, जलबराह मन्दिरलाई प्रमुख धार्मिक क्षेत्रको रुपमा विकास गरिनेछ ।

६४. प्रकृति, संस्कृति साहसीक पर्यटन समेट्ने गरी पर्यटकीय क्षेत्रको एकिकृत विकास गर्न गुरु योजना बनाई लागू गरिनेछ ।

६६. गाउँपालिकाको पर्यटकीय क्षेत्रको विकास, विस्तार र बजारीकरण गर्न पर्यटन सँग सरोकार राख्ने निकायहरु सँग समन्वय र साझेदारी गरिनेछ । आगामी बर्ष गाउँपालिका भित्रका सम्भावित वडाहरुमा होमस्टेको संख्या वढाईनेछ ।

**सामाजिक विकास**

**स्वास्थ्य**

६६. निशुल्क प्राथमिक स्वास्थ्य सेवा पाउनु जनताको मौलिक अधिकार हो भन्ने कुरामा केन्द्रित रहदै गाउँपालिका भित्र एउटा १५ शैयाको अस्पतालको रुपमा स्थापना गर्न आवश्यक कार्यको थालनी यसै वर्ष देखि गरिनेछ ६७ महिलाहरुको प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्न उपाध्यक्ष सँग प्रजनन स्वास्थ्य अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

६८. आगामी ३ बर्ष भित्र घरमा हुने सुत्केरीलाइ शुन्यमा झार्न गाउपालिकाको ब्रथिङ्ग सेन्टर र स्वास्थ्य चौकीमा सुत्केरी गराउने महिलाको संख्या बढाउन गर्ववती महिलाहरु लाई नियमित ४ पटक स्वास्थ्य जाँच गराई स्वास्थ्यकर हुने महिलालाई प्रोत्सहान स्वरुप पौष्टिक आहारा दिईनेछ नीति लागू गरिनेछ ।

६९. विभिन्न वार्ड तथा वस्तीहरुमा स्वास्थ्य सेवाको पहुँचवाट आशिकं रुपमा बञ्चित रहेका जेष्ठ नागरिक, असाहय, एकल महिला, अपाङ्ग अति विपन्न परिवारका सदस्य, अति गरिव दलित, टुहुरा वालवालिकाको वडा स्तरमा विभिन्न समयमा स्वास्थ्य जाँच गर्नका लागि निशुल्क एकृकित स्वास्थ्य शिविर संचालन गरिनेछ ।

७०. जेष्ठ नागरिक, अपांगहरुको सामान्य स्वास्थ्य जाँच तथा उपचार, सुनौलाहजार दिनका आमाहरुलाइ गर्भ जाँच, सुरक्षित प्रसुति सेवा,सुत्केरी जाँच,पोषण सम्वन्धी स्वास्थ्य शिक्षा तथा परार्मश दिन जनता केन्द्रित स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।

७१. पुर्ण खोपयुक्त गाउँपालिका लाई कायम राख्न तथा खोपको कभरेज बढाउनका लागि बालबालिकालाइ विद्यालय भर्ना गर्दा खोप कार्ड अनिवार्य गरिने नीति अबलम्बन गरिनेछ ।

७२. यस गाउँपालिकाका कुपोषित बालबालिकाको स्वास्थ्य सुधारको लागि विभिन्न संघसस्थाहरु संग समन्वय तथा सहकार्य गरि पोषण सुधार कार्यक्रम अवलम्वन गरिनेछ ।

७३. स्थानीय जडिबुटी पहिचान गरी औषधीपयोगी आयुर्वेद औषधीहरुको संरक्षण र प्रवद्र्धन गरिनेछ ।

७४. गाउँपालिका भित्र संचालित औषधी पसल, सूर्तिजन्य पसल र मादक पदार्थ पसलहरुलाई प्रचलित कानून बमोजिम दर्ताको दायरामा ल्याईनेछ ।

**शिक्षा**

७५. अर्जुनचौपारी बासीको इच्छा प्रबिधी मैत्री र गुणस्तरिय शिक्षा लाइ आत्मसाथ गर्दै गाउँपालिकाका सबै बिद्यालयहरुमा सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने नीति लागू गरिनेछ ।

७६. सामुदायिक विद्यालयहरुमा विधार्थिहरुको आकर्षण बढाउन बालमैत्री उद्यान पार्क र आधारभूत शैक्षिक पूर्वाधारहरुको निर्माण, मर्मत संभार, संचालन र व्यवस्थापनमा जोड दिईनेछ ।

७७. यस गाउँपालिका भित्र मा.वि. र आधारभुत विद्यालय गरी जम्मा ३२ वटा विद्यालय रहेकोमा कतिपय विद्यालयमा विद्यार्थि शिक्षकको अनुपात घटी वढी भएको अवस्था विद्यमान छ सो अवस्थामा विद्यार्थी र शिक्षकको अनुपात मिलाइ शिक्षक दरबन्दी मिलानमा जोड दिइनेछ ।

७८. यस गाउँपालिकामा स्नातक स्तरको क्याम्पसको उचित व्यवस्थापन गरी प्राबिधिक बिषयको क्याम्पस सञ्चालनको लागी प्राथमिकता दिईनेछ ।

७९. चालु बर्षबाट सवै विद्यालयहरुमा अग्रेजी माध्यमबाट भएको पढाई सञ्चालनलाई निरन्तरता दिईनेछ ।

८०. शिक्षकहरुलाई समय सापेक्ष र नविनतम सिकाईका विधिहरु बारे जानकारी गराउन विषयगत तालिम र प्रशिक्षणको व्यवस्था गरी शिक्षकहरुलाई उच्च मनोबलका साथ काम गर्ने वातावरण निर्माण गरिनेछ ।

**सरसफाइ तथा स्वच्छता**

८१. अर्जुनचौपारी गाउँपालिका भित्रको फोहरमैला व्यवस्थापनलाई दिगो र प्रभावकारी बनाउन गाउँ बस्तीबाट टाढा रहेको क्षेत्रमा व्यवस्थित ल्याण्डफिल साइट निर्माणलाई पूर्णता दिईनेछ ।

८२. गाउँपालिकाको पर्यटकीय क्षेत्रहरुमा सार्वजनिक शौचालय र खानेपानीको सुविधा पुर्याईनेछ ।

८३. सबै वडाहरुलाइ यसै बर्ष देखि क्रमसःपुर्ण सरसफाई युक्त वडाहरु घोषणाका लागि प्रारुप तयार गर्दै वातारण मैत्री वडा, पुर्ण सरसफाइ युक्त वडा, सफा बस्ती, कार्यक्रमहरु अवलम्वन गर्दै सफाघर प्रमाण पत्र प्रदान गरि स्वच्छता प्रबर्दनमा जोड दिइने छ ।

८४. “वातावरण मैत्री गाउपालिका निर्माणमा जोड दिदै प्लाष्टिक निषेध अभियान र खादा निषेध अभियानलाई निरन्तरता दिईनेछ ।

८५. एक घर एक चर्पि कार्यक्रम अनुरुप हरेक घरमा सफा चर्पी निर्माण मा जोड दिइ पानी जन्य सरुवा रोग नियन्त्रणमा आवस्यक कार्यक्रम अगाडी बढाइने छ ।

८६. “फोहर बाट मोहर” भन्ने नारालाई मध्यनजर गर्दै घरवाटै फोहरलाई तिन तहमा विभाजन गरी प्लाष्टिक जन्य वस्तुहरु तथा कवाडी सामानको विक्री गर्ने, कुहिने फोहरबाट कम्पोष्ट मलको लागि प्रयोग गरिने र पुन प्रयोगमा नआउने बस्तुहरु मात्र डम्पिङ साईडमा पठाइने व्यवस्था अविलम्ब गरिने छ । यसको प्रभावकारी कार्यान्वयनको लागि साझेदार संघ सस्थाहरुको पहिचान गरि सहकार्यमा सम्बन्धि उद्योगको विकासमा टेवा पुर्याउने ।

**गाउँसभाका सदस्यज्यूहरु,**

**समावेशीकरण**

८७. एकल महिलाहरुका लागि एकल महिला संग अर्जुनचौपारी सरकार कार्यक्रम अन्तरगत उनीहरुको आय आर्जनका लागि बिषेश कार्यक्रम अवलम्वन गरिने छ ।

८८. महिलाहरुको नेतृत्व र निर्णायक भुमिका स्थापित गर्न सामुदायिक विकासका कार्यहरुमा समान सहभागिताको लागि उपयुक्त वातावरण प्रदान गरिनेछ ।

८९. महिलालाई सिप र रोजगारी मा समान अवसर उपलब्ध गराई समान कामको समान ज्यालाको सुनिश्चतता गरिनेछ ।

९०. महिला, दलित, आदीबासी जनजाती, लोपोन्मुख तथा सिमान्तकृत वर्गको क्षमता अभिवृद्धि र सशक्तिकरणका कार्यक्रमहरु लागू गरिनेछ । परम्परागत पेशाहरुको बैज्ञानिकीकरण गर्दै आय आर्जनतर्फ उन्मुख गर्ने कार्यक्रम लागू गरिने छ । जातीय भेदभाव कसुर सजायँ ऐनलाई प्रभावकारी कार्यान्वयन गर्न पालिकाबाट विशेष व्यवस्था गरिने छ। हरेक वडामा दलितहरुको सामुहिक आय आर्जनको कार्यक्रममा जोड दिदै दलित तथा सिमान्तकृत वाल वालिकाको निशुल्क शिक्षाको ग्यारेन्टी गरिने छ ।

**बालवालिका युवा तथा खेलकुद**

९१. हरेक वडामा एक–एक वटा बहुउदेश्यीय खेलमैदानको निर्माण गरी वालवालिका तथा युवाहरुलाई विभिन्न विधाको खेलकूदमा आकर्षण गराईनेछ । संघ सरकारसँग साझेदारी गरेर सदरमुकाममा आधुनिक कर्भडहल सहितको खेलमैदान निर्माण गरिनेछ ।

९२. आगामी बर्ष पनि परिमार्जन सहित खेलकूदका प्रतियोगिताको विधाहरु थपेर राष्ट्रपति रनिङ्ग शिल्ड र अध्यक्ष कप प्रतियोगितालाई निरन्तरता दिईनेछ ।

९३. “सकारात्मक सोच र उर्जाशिल युवा हाम्रो चाहना कुलत रहित स्वस्थ युवा अर्जुनचौपारीको गहना” भन्ने नाराका साथ कुलतमा परेका युवाहरुका लागि बिशेष कार्यक्रम संचालन गरी युवाहरुलाई सीपमूलक तालिम सञ्चालन गरी सीप अनुसारको रोजगारीको व्यवस्था गरिनेछ ।

९४. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई संघ सरकार सँग समन्वय गरी प्रभावकारी ढंङ्गले लागू गरिनेछ ।

९५. बालबालीका शान्ती क्षेत्र लाइ मुर्त रुप दिन सबै बिद्यालयहरुमा आचार संहिता निर्माण गरि राजनैतिक कार्यक्रमहरुमा पूर्ण प्रतिबन्ध लगाइने छ ।

९६. बाल यौन शोषण, बाल हिंसा र बालश्रम निवारण तथा दृष्टी विहिन तथा अपाङ्गताभएका वालवालिकाको लागि विशेष कार्यक्रम लागू गरिने छ ।

९७. सहिद वेपत्ताका छोरा छारीहरु वावा आमा गुमाएका टुहुरा वालवालिकाहरु संरक्षरण गर्दै उनीहरुलाई विद्यालय सम्म ल्याउने टिकाउने पढाउने र सिकाउने नीति सँगै उनीहरुको पालन पोषणको उचित प्रवन्ध मिलाइने छ ।

९८. विद्यालय तथा वडा स्तरमा वाल क्लवहरु गठन गरि पालिकास्तरीय वाल संजाल निर्माण गरिनेछ ।

९९. अर्जुनचौपारी गाउँपालिकालाइ वालविबाह मुक्त गाउँपालिका बनाउन विशेष पहल गरिनेछ ।

**सार्बजनिक निजी साझेदारी कार्यक्रम**

१००. सरकारी तथा निजी क्षेत्रको सहभागितामा भौतिक पूर्वाधारको विकास गर्न सार्वजनिक–निजी साझेदारीको अवधारणलाई प्रोत्साहित गरिनेछ ।

१०१. साना पूर्वाधार निर्माणका लागि प्रोत्साहान गर्न गैर सरकारी क्षेत्र वा अन्य क्षेत्रवाट समेत लगानी गरेकोमा समपुरक कोषबाट केहि रकम गाउँपालिकाले व्यहोर्ने गरी साझेदारी कार्यक्रम अगाडी वढाईने छ ।

**वन वातावरण जैविक विविधता तथा विपद व्यवस्थापन**

१०२. छाडा चरिचरन रोकौँ पुण्यकर्मका लागि रुख रोपौँ भन्ने मन्त्रका साथ छाडा चरिचरन रोक्न अभियान सञ्चालन गरि आउने पुस्तालाई सुख एक व्यक्ति दुई रुख भन्ने नारालाई सार्थक पार्न वृक्षरोपण अभियान सञ्चालन गरिने छ

१०३. गाउँपालिका भित्र सञ्चालनमा रहेका सबै कच्ची तथा धुले सडकहरु का किनारामा वृक्षारोपण गरि हरित सडक निर्माणको नीति अपनाईनेछ ।

१०४. उर्जाको मुख्य स्रोतका रुपमा प्रयोग भएको दाउरा माथिको निर्भरतालाई कम गर्न वायोग्यास सौर्य उर्जा जस्ता प्रविधिहरुमा लगानी विस्तार गरिने छ ।

१०५. प्राविधिक जनशक्तिको परिक्षण विना खनिने सडकहरु र तिनवाट सृजना हुने प्राकृतिक विपत्ति मा न्युनीकरण गर्न अन्धाधुन्ध सडक खन्ने प्रवृतिलाई निरुत्साहित गरिने छ ।

१०६. वन क्षेत्रको सदुपयोग गरी समुदायको दिगो आम्दानीको श्रोतको विकास गर्न आफ्नै निजी खाली रहेका जग्गाहरुमा उपयुक्त भौगोलिक वातावरण अनुकुल हुने गरी रिठा, अमला, अलैची, अम्रीसो, बास, निगालो लगायत अन्य जडीबुटी, गैरकाष्ठ वन पैदावारहरुको खेती विस्तार गरिनेछ । यसका लागि यसै वर्ष सम्भाव्यता अध्ययन सम्पन्न गरिने छ ।

**सूचना प्रविधि**

१०७. सूचना सम्प्रेषणलाई विश्वसनीय र मर्यादित बनाउन संचार संस्था तथा संचारकर्मीहरुसंग सहकार्य गरिनेछ ।

१०८. सञ्चारक्षेत्रमा क्रियाशील सार्वजनिक संघ–संस्थाहरुको संरचनागत एवं व्यवस्थापकीय सुधारमा सहकार्य गरिनेछ । जनतासंग प्रत्यक्ष सरोकार राख्ने, विकास र सम्बृद्धिमा टेवा पुर्याउने खालका कार्यक्रम उत्पादन प्रसारण गर्न जोड दिईनेछ ।

१०९. सेवा प्रवाहलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि गाउँपालिका र अन्र्तगतका वडा कार्यालयहरुमा टेलिफोन व्यवस्था गरिनेछ । साथै खर्चलाई व्यवस्थित गर्न लेखा सम्वन्धी सफ्टवयरको प्रयोग गरी केन्दीय लेखा प्रणालिमा आवद्ध गरिने छ । योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा प्रतिवेदनलाई व्यवस्थित गर्न Online योजना सफ्टवयर आगामी बर्ष देखि प्रयोगमा ल्याईनेछ ।

११०. सामुदायिक विद्यालयहरुमा टेलिफोन, ईन्टरनेटको क्रमिक रुपमा विस्तार गरिनेछ ।

**सुशासन सेवा प्रवाह र जनशक्ती विकास**

१११. जनताबाट निर्वाचित जनप्रतिनिधिहरु जनताप्रति उत्तरदायि भएकाले हेलो अर्जुनचौपारी सरकार कार्यान्वयनमा ल्याउन पहल गरिनेछ ।

११२. गाउँपालिकाका सबै कार्यालयहरु लाई इन्टरनेटका माध्यमवाट **Networking** गर्दै **E Governance** सेवा प्रारम्भ गर्न यसै वर्ष सबै वडाहरु, स्वास्थ्य चौकी, माध्यामिक विद्यालयहरुमा इन्टरनेट सेवा र ई–हाजीरि को प्रारम्भ गरिने छ ।

११३. गाउँपालिका भित्र भ्रष्टाचारमा शुन्य सहनशीलता नीति लिईनेछ । उच्च कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई प्रोत्साहन गर्न कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्तालाई परिमार्जनसहित निरन्तरता दिईनेछ ।

११४. सार्बजनिक सेवा प्रवाहमा मितव्ययी, प्रभावकारी ढंङ्गले कार्य सम्पादन गर्न कर्मचारीहरुको क्षमता अभिवृद्धि र सशक्तिकरण गर्ने कामलाई प्राथमिकता दिईनेछ ।

११५. सार्वजनिक खर्चको वित्तीय जवाफदेहिता सुनिश्चित गर्दै आन्तरीक खर्चलाई चुस्त बनाईनेछ र कार्यालयवाट हुने सवै भुक्तानी बैक मार्फत हुने व्यवस्था मिलाइनेछ । त्यसै गरी गाउँपालिका अध्यक्षले वडाध्यक्ष सँग र प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुख सँग मापन योग्य सूचकहरुसहित कार्यसम्पादन सम्झौता गरी सन्वन्धित पदाधिकारीहरुलाई नतिजा प्रति थप जवाफदेही बनाईनेछ ।

**राजश्व प्रशासन**

११६. गाउँपालिकाले हाल लिदै आएको कर,राजस्व,शुल्क आदिलाई थप व्यवस्थित र नियमन गरिनेछ ।हाम्रो गाउँपालिका हाम्रो कर,समृद्ध बनाउने हाम्रै रहर भन्ने नारालाई साकार पार्न राजश्वको आन्तरीक श्रोतको दायरालाई फराकिलो बनाईनेछ । एकल कर प्रशासनको माध्यबाट व्यवसाय कर, सम्पति कर र बहाल विटौरी करलाई करको दायरामा ल्याईनेछ । टोलटोलमा करमैत्री प्रशासनको अभियान सञ्चालन गरिनेछ ।

**न्यायिक समिति**

११७. विवाद समाधानको लागि मेलमिलाप तथा मध्यस्थता सेवालाई न्यायिक समिति मार्फत थप प्रभावकारी बनाईनेछ । हरेक वडामा मेलमिलाप मार्फत विवाद समाधान गर्न मेलमिलाप केन्द्र स्थापना गरिनेछ ।

**विपद व्यवस्थापन**

११८. स्थानीय स्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना,पूर्व सुचना प्रणाली,खोज तथा उद्धार,राहत सामग्रीको पूर्व भण्डारण, स्थानीय तटवन्ध,नदी र पहिरोको नियन्त्रण,विपद जोखिम क्षेत्रको नक्सांकन तथा वस्तीहरुको पहिचान र स्थानान्तरण गरिनेछ । विपद् व्यवस्थापनका लागि वडा-वडामा विपद् व्यवस्थापन समिति गठन गरिनेछ ।विपद् जोखिम न्यूनिकरण गर्ने ऐन पारित गरिनेछ र विपद् व्यवस्थापन कोष निर्माण गरी कार्यविधिअनुसार संचालन गरिनेछ।

**गाउँसभाका सदस्यज्यूहरु,**

११९. यी नीति तथा कार्यक्रमको कार्यान्वनयबाट "समृद्ध अर्जुनचौपारी,सुखी अर्जुनचौपारीवासी" को गन्तव्यमा पुगी समृद्ध नेपाल,सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न हाम्रो सरकारका प्रत्येक कार्यहरुको केन्द्रविन्दु आम नागरिक हुनेछन ।सबैलाई समान अवसर,समान अधिकार,उत्तिकै सुरक्षा, उत्तिकै सम्मानको प्रत्याभूति गरिनेछ ।

१२०. अन्त्यमा,प्रस्तुत नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयनको लागि सवैको सहकार्य र स्वामित्व अपरिहार्य छ । यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरकारी निकाय, राजनीतिक दलहरु,संघ संस्थाहरु,निजी तथा सहकारी क्षेत्र लगायत सवैको सद्भाव, र सहयोग हुनेमा विश्वस्त छु । गरिमामय यस गाउँसभाबाट रचनात्मक सुझावको अपेक्षासहित विदा हुन्छु ।

धन्यवाद
जय अर्जुनचौपारी गाउँपालिका
दिर्घनारायण अर्याल
गाउँपालिका अध्यक्ष